नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सारविभाग

# नेपालगंज भन्सार कार्यालय

नेपालगंज, बाँके

(मुद्दा शाखा)

फोन नं. ०८१-४१२००१
०८१-४१२००२
०८१-४१२००४
इमेल:-nepalgunj@customs.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
नेपालगंज भन्सार कार्यालय
बाँके

मिति:-२०८२/०१/०७

## गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट सुपारी
## लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना
## पहिलो पटकको सूचना प्रकाशन मिति:-२०८२/०१/०७

सूचना नं. १ यस कार्यालयबाट जफत भएको सुपारी जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गरिने भएकोले इच्छुक फर्म, उद्योग वा कम्पनिले यो सूचना प्रकाशीत भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्न भन्सार नियमावली,२०६४ को नियम ३५(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | जफत मिति | मालवस्तुको विवरण | न्यूनतम मूल्य रु... | बोलपत्र खरिद दस्तुर रु... |
|---|---|---|---|---|
| १ | २०८२/०१/०४ | सुपारी २२७५ के.जी.(३८ बोरा) | प्रति के.जी. १८० का दरले ४,०९,५००/-<br>(अन्त:शुल्क र मू.अ.कर बाहेक) | १,०००/- |

**सिलबन्दी बोलपत्र फारम सम्बन्धी शर्तहरु:-**

१. उक्त मालवस्तु लिलाम स्वीकृत फर्म, उद्योग वा कम्पनिले नियमानुसार अन्त:शुल्क र मू.अ.कर दाखिला गर्नुपर्नेछ ।

२. बोलपत्र फारम सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८२/०१/२१ गते सम्म) बोलपत्र दस्तुर रु.१०००/- एभरेष्ट बैंक लिमिटेड, नेपालगंज भन्सार काउन्टर आई सि पी नेपालगंज, बांके शाखाको कार्यालयकोड नं.३०५०३५७०१ तथा राजश्व शिर्षक १४२२९ (अन्य प्रशासनिक सेवा) मा दाखिला गरी सक्कल भौचर यस कार्यालयमा पेश गरी बोलपत्र खरिद गर्न सकिनेछ । कार्यालयबाट खरिद गरेको र खरिद गर्ने फर्म, उद्योग वा कम्पनि बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्नेछैन ।

३. कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम राष्ट्रिय बांणिज्य बैंक शाखा नेपालगंज, बांके (कार्यालयको कोड नं.३०५०३५७०१ तथा को.ले.नि.का. बांकेको धरौटी खाता नं.(४१३०१००१०२०३००००) मा जम्मा गरी सोको सक्कल भौचर बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ र सो दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद गर्न सकिने छ ।

४. बोलपत्र फारम १६ औ दिन (मिति २०८२/०१/२२) को १२:०० बजे सम्म दर्ता हुन आएको बोलपत्र सोही दिन २:०० बजे यस कार्यालयका कर्मचारी र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

५. बोलपत्रमा बोलपत्रदाता फर्म, उद्योग वा कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्र, मु.अ.करमा दर्ता भएको प्रमाणपत्र र आ.व.२०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन बोलपत्र खरिद गर्दा कै अवस्थामा अनिबार्य पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सारविभाग

# नेपालगंज भन्सार कार्यालय

नेपालगंज, बाँके
(मुद्दा शाखा)

फोन नं. ०८१-४१२००१
०८१-४१२००२
०८१-४१२००४
इमेल:-nepalgunj@customs.gov.np

नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभाग नेपालगंज भन्सार कार्यालय नेपालगंज बाँके

६. बोलपत्रमा बोलपत्रदाताले फर्म, उद्योग वा कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पुरा नाम, थर,लेखी फर्म, उद्योग वा कम्पनिको आधिकारिक सहि छाप गरेको हुनुपर्नेछ ।

७. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ ।सच्याइएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । कुनैपनि शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।

८. इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा कार्यालय समय भित्र यस कार्यालयमा आएर बुझ्न सकिनेछ ।

९. बोलपत्र स्वीकृत भएको जानकारी भन्सार विभागको Website: https://www.customs.gov.np, यस कार्यालयको Website: https://www.customs.gov.np/nepalgunj र सुचना पाटीमा सुचना प्रकाशित गरी जानकारी गराइनेछ । बोलपत्र स्वीकृत भएको फर्म, उद्योग वा कम्पनिले स्वीकृत मिति वाट ७ दिन भित्र बुझाउनुपर्ने रकम र प्रचलित कानुन बमोजिम लाग्ने कर तथा महसुल बुझाई जे जस्तो अवस्थामा छ सोही अवस्थामा मालवस्तु उठाई लैजानु पर्नेछ । सात दिन भित्र नउठाएमा धरौटी रकम जफत गरी क्रमशः अन्य बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

१०.बोलपत्र फारम पेश गर्दा सो बोलपत्र खाम भित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नुपर्नेछ । बोलपत्र फारम भएको खाम बाहिर बोलपत्र सुचना नं. र बोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ । बोलपत्र दाताले जसको नाममा बोलपत्र फारम खरिद गरेको छ । सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट बिक्री गरिएको सक्कल बोलपत्र फारममा मात्र बोलपत्र भर्नुपर्नेछ ।

११. सूचनामा प्रकाशित शर्तहरु पुरा भए नभएको आधारमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२.बोलपत्रको प्रकाशित सुचना कार्यालयले कुनै पनि बेला सुचना प्रकाशित गरी संशोधन, स्थगन वा रद्द गर्न सक्नेछ ।

१३.यसमा उल्लेख भएदेखी बाहेक अन्य कुराहरु प्रचलित नेपाल ऐन, कानुन बमोजिम हुनेछ ।

नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभाग नेपालगंज भन्सार कार्यालय बाँके नेपालगंज